श्री

# काठमाडौं जिल्ला अदालत

माननीय जिल्ला न्यायाधीश श्री माधव प्रसाद मैनाली

आदेश

निवेदन नं. ०७९-०२-२४६९

राम बहादुर गुरुङ सेमत------------------------------------------------------------------निवेदक

विषय-दर्ताद्वारा विवाह

यसमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८०/३/१२ गते भएको अन्तरिम आदेशानुसार दर्ताद्वारा विवाह गरी पाउँ भनी निवेदन दिएको देखियो। निवेदन साथ पेश भएको अन्तरिम आदेश यस अदालतका नाममा जारी भएको नभइ विपक्षीहरुका नामममा जारी भएको देखिएको, अन्तरिम आदेश जारी हुँदा विवाह दर्ता गर्न पाउने आवश्यक व्यवस्था गराउनु भनी विपक्षीहरुका नाममा अन्तरीम आदेश जारी भएकोमा जिल्ला अदालतलाई बिपक्षी बनाएको पनि नदेखिएको तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ७७ मा दर्ताद्वारा विवाह गर्न सक्ने कानूनी व्यवस्था भए अनुसार यस अदालतबाट दर्ताद्वारा विवाह हुँदै आएको र उक्त दफा ७७ (१) मा कुनै पुरुष वा महिलाले दर्ताद्वारा विवाह गर्न चाहेमा निवेदन दिन सक्ने कानूनी व्यवस्था रहेको देखिएकोमा प्रस्तुत दर्ताद्वारा विवाह गरी पाउँ भनी निवेदन दिने दुवै व्यक्ति फरक लिङ्गका महिला पुरुष नदेखिएको अवस्थामा निवेदन बमोजिम उल्लेखित दफा ७७ मा उल्लेखित व्यवस्था विपरीत दर्ताद्वारा विवाह गराउन मिलेन। कानून बमोजिम गर्नुहोला।

२०८०/३/२८

.................
न्यायाधीश

इति सम्वत २०८० साल असार २८ गते रोज ५ शुभम् ------------------------------------